# महाकुलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
स्था: २०७३

१ नं.प्रदेश, नेपाल

प.सं.२०७८/०७९
च.नं. १३६

मिति : २०७८/०५/१६

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

**श्री सम्बन्धित सम्पूर्ण शिक्षकहरु,**
**महाकुलुङ गाउँपालिका, सोलुखुम्बु ।**

**विषय : विज्ञसूचीमा नाम सूचीकृत हुन आवेदन पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न तहको अस्थायी करार, राहत, गाउँपालिका अनुदानका शिक्षक लगायत शिक्षक तथा कर्मचारी छनौट परीक्षाको प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परीक्षणको लागि विशेषज्ञ छनौट गर्नुपर्ने भएकाले तपसिल बमोजिमका योग्यता भएका विशेषज्ञ सूचीमा सूचीकृत हुन इच्छुक शिक्षकहरुले आफू सूचीकृत हुन इच्छुक रहेको तह समेत खुल्ने गरी तोकिएको ढाँचामा निवेदनका साथमा आवश्यक कागजातहरु सहित मिति २०७८/०५/३० गतेभित्र यस कार्यालयमा कार्यालय समय भित्र इमेल ठेगाना: mahakulung.rum@gmail.com वा edu.mahakulungmun@gmail.com मा वा यस कार्यालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

**वाञ्छनीय योग्यता:**

- आधारभूत तह (कक्षा १-५) को लागि शिक्षा शास्त्र संकायबाट स्नातक तह उतीर्ण गरी कम्तिमा ३ वर्ष स्थायी रुपमा कार्यरत भएको ।
- आधारभूत तह (कक्षा ६-८) का लागि सम्बन्धित विषयमा स्नातक वा स्नातकोत्तर तह उतीर्ण गरी आधारभूत तहमा कम्तिमा ३ वर्ष स्थायी सेवामा कार्यरत र माध्यमिक तहको हकमा स्नातकोत्तर तह उतीर्ण गरी कम्तिमा २ वर्ष स्थायी रुपमा कार्यरत रहेको ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
- माध्यमिक तहमा कार्यरत गाउँपालिका अनुदानका शिक्षकहरुको हकमा अंग्रेजी, गणित र विज्ञान विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तिमा २ वर्ष अस्थायी रुपमा कार्यरत भएमा माध्यमिक तहका लागि सोही विषयको विज्ञ सूचीमा सूची दर्ता गराउन सकिनेछ ।
- माथिल्लो तहमा कार्यरत योग्यता पुगेका शिक्षकहरुले तल्लो तहका लागि विज्ञ सूचीमा सूची दर्ता गराउन सकिनेछ।
- सम्बन्धित तहमा विज्ञ हुनका लागि कम्तिमा १० वर्ष स्थायी सेवा गरेको ।

**आवश्यक कागजातहरु:**

- तोकिएको ढाँचामा आवेदन पेश सम्बन्धि निवेदन ।
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- स्थायी/अस्थायी नियुक्तिको प्रतिलिपी ।
- शिक्षण अनुभवको प्रमाणित पत्र ।
- सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

२०७८/०५/१६
झमक बहादुर कटुवाल
शिक्षा शाखा प्रमुख
झमक बहादुर कटुवाल
शिक्षा अधिकृत

२०७८/०५/१६
विष्णु रञ्जन बेराल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ: श्री सूचना तथा सञ्चार प्रविधि शाखा प्रमुखज्यू, (वेवसाइटमा प्रविष्ट गरिदिनु हुन)

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

**निवेदनको ढाँचा**

मितिः २०७८/ /

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालय,

बुङ, सोलुखुम्बु ।

**विषयः विज्ञ शिक्षकको सूची दर्ता गराई पाऊँ ।**

तहाँ कार्यालयबाट सञ्चालन गरिने अस्थायी करार, राहत, पालिका अनुदान, बाल सहयोगी शिक्षक, कार्यालय सहयोगी तथा कर्मचारी सहायकको परीक्षा सञ्चालन गर्ने कार्यका लागि म विज्ञ शिक्षक भई कार्य गर्न इच्छुक भएकाले निम्नानुसारको विवरण भरी विज्ञसूची दर्ता गराई पाउन अनुरोध गर्दछु ।

१. शिक्षकको नाम, थरः ........................................

२. विद्यालयको नाम र ठेगानाः..................................

३. शिक्षक अनुभव वर्षः.............................

४. शिक्षण गरिएको तहः.................. शिक्षण गरिएको विषयः............ कक्षाः..........................

५. स्नातक तह उतीर्ण गरेको सालः.................. विषयः.................

६. स्नातकोत्तर तह उतीर्ण गरेको सालः................. विषयः...............

७. तालिमको प्रकारः.....................

८. स्थायी/अस्थायी नियुक्तिको किसिमः..................

९. ICT तथा कम्प्युटर सम्बन्धि काम गर्न सक्षम छु/छैनः.......

१०. विषयगत ज्ञान, सीप र शिक्षण कला कौशल अनुरुप परीक्षा सञ्चालनका लागि काम गर्न सक्ने/नसक्नेः.........

११. गाउँपालिकालाई आवश्यक हुदाँ समय दिन सक्ने/नसक्नेः.................

उल्लिखित विवरण सही साँचो हो । यसमा केही फरक पर्ने छैन भनी हस्ताक्षर गर्दछु । परीक्षा सञ्चालन गर्नका लागि गाउँपालिकाको निर्देशन पूर्णरुपमा पालना गर्दछु । साथै आवेदनका साथमा तोकिएको कागजातसमेत संलग्न गरेको छु ।

निवेदकः

दस्तखतः................................

नाम, थरः...............................

सम्पर्क नम्बरः........................

इमेल ठेगानाः...........................

स्थायी लेखा नं......................